**क) एकिकृत सम्पत्ति कर भनेको के हो ?**

कुनै पनि स्थानिय तह भित्र आफ्नो नाममा रहेको सबै जग्गा र सो जग्गामा बेनेको भौतिक संरचनाहरुको स्थानिय तहले तोकेको दररेटका आधारमा हुन आउने एकमुष्ठ मुल्याङ्कनको आधारमा स्थानीय तहको करको दर अनुशार लाग्ने करलाई एकिकृत सम्पत्ति कर भनिन्छ ।

**ख) एकिकृत सम्पत्ति कर नगरपालिकाले कहिले देखी लगाउँदै आएको छ ?**

२०७२ साल देखी नगरपालिकाले एकिकृत सम्पत्ति कर लगाउँदै आएको छ ।

**ग) २०७२ साल देखी अगाडीको मालपोत सहित एकिकृत सम्पत्ति कर तिर्न पनि मिल्छ ?**

मिल्छ । अन्तिम पटक तिरेको मालपोतको रसिदको आधारमा २०७२ साल सम्मको मालपोत मुल्याङ्कन गरीन्छ र २०७३ साल देखी यताको नगरपालिकाले तोकेको दर रेटका आधारमा एकिकृत सम्पत्ति कर मुल्याङ्कन गरी जरिवाना सहित एकमुस्ट तिर्नु पर्ने हुन्छ ।

**घ) एकिकृत सम्पत्ति कर कहाँ गएर तिर्नु पर्छ ?**

आफ्नो स्थानिय तह भित्र रहेका कुनै पनि वडा कार्यालयमा गएर तिर्न सकिन्छ ।

**ङ) कुनै एउटा वडामा भएको सम्पत्तिमा लाग्ने कर अर्को वडा कार्यालयमा गएर तिर्न मिल्छ ?**

मिल्छ ।

**च) के नगरपालिकामा पनि एकिकृत सम्पत्ति कर तिर्न सकिन्छ ?**

सकिदैन । नगरपालिकामा एकिकृत सम्पत्ति कर तिर्ने व्यवस्था वडा कार्यालयबाट सुरु भई सकेपछि हटाईएको छ ।

**छ) एकिकृत सम्पत्ति कर तिर्न आउँदा के-के कागजात आवश्यक पर्छ ?**

१) जग्गा धनीपुर्जाको फोटोकपी

२) नागरिकताको फोटोकपी

३) अन्तिम पटक तिरेको मालपोत तथा एकिकृत सम्पत्ति करको सक्कल रसिद वा फोटोकपी ।

**ज) सम्बन्धि वडा कार्यालयमा गएपछि अरु कुनै फारम पनि भर्नुपर्छ ?**

पर्छ । सम्बन्धीत वडा कार्यालयले उपलब्ध गराउने फाराममा आफ्नो सम्पत्तिको सहि विवरण भरि माथि उल्लेखित कागजातसँगै राजस्व फाँटमा लगेर बुझाउने ।

**झ) कर तिरेको रसिद हराएमा प्रतिलिपि लिन मिल्छ ?**

मिल्छ । तर नगरपालिकाले तोकेको रु. ५०।- जरिवाना तिर्नु पर्छ ।

**ञ) आफ्नो नाममा रहेको जग्गा तथा भौतिक संरचनाको एकिकृत सम्पत्ति कर तिर्दा कुनै जग्गा तथा भौतिक संरचना छुटेमा पुनः तिर्न मिल्छ?**

मिल्दैन । एक अर्थिक बर्ष भित्र एकिकृत सम्पत्ति कर तिर्दा आफ्नो नाममा रहेको सम्पुर्ण जग्गा तथा भौतिक संरचनाको एक मुष्ठ कर तिर्नु पर्ने हुन्छ । यदि छुटेमा अर्को बर्ष जरिवाना सहित तिर्नु पर्ने हुन्छ ।